आज मिति २०७८।०८।०७ गते मङ्गलबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको ७५ औं नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरिकुमार श्रेष्ठ | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | सञ्जु बरुवाल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | धोलकराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | रामकृष्ण बराइली | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-८ | |
| ५ | टेक बहादुर रावल | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | हिरा बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | गोबिन्द प्रसाद पौडेल | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | लक्ष्मण बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | राजेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| १२ | बेल बहादुर चोखाल | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | लोक बहादुर पुन | कार्यबाहक वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | गौरी थापा मगर | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | टकसरा राना | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | गोरी दर्जी | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | दुर्गा कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | योगेन्द्रमान गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | गौमति नेपाली | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | झल प्रसाद गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८।०८।०७ गते

१. बेनी नगर कार्यपालिकाबाट विगतमा भएका निर्णय र सोको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनमा तदारुकता देखाई थप समन्वयका साथ अगाडि बढ्ने निर्णय गरियो।

२. बेनी नगरपालिकाका आ.व. २०७८।७९ का योजना तथा कार्यक्रमहरु मध्ये २ (दुई) लाख सम्मका योजना तथा कार्यक्रमहरु सम्बन्धित वडा कार्यालयबाट नै सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

३. बेनी नगरपालिकाको क्षेत्र भित्र पर्ने म्याग्दी नदिको नदिजन्य ढुङ्गा, गिटी, वालुवाको उत्खनन्, संकलन र बिक्री वितरणका लागि मिति २०७८।०८।०१ गते प्रकाशित बोलपत्र आव्हानको सूचनालाई समर्थन गर्ने निर्णय गरियो।

४. म्याग्दी खोलाका ९ वटा बगरहरुको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, निकासी तथा बिक्री वितरण गर्न विद्युतीय बोलपत्रको माध्यमबाट चयन भएको विकास निर्माण सेवा, बे.न.पा.-१ ले गरेको कबोल अङ्क (मूल्य अभिवृद्धि कर बाहेक) रु ४५,३०,०००मा भएको ठेक्का सम्झौता मध्ये रु २२,३१,०२६ नगरपालिकाको आन्तरिक खातामा जम्मा गरेको र सम्झौताको शर्त बमोजिम उक्त निर्माण सेवाले यस कार्यालयमा बुझाउनुपर्ने बाँकी रकम रु २२,९८,९७४ नबुझाएको र महालेखा परीक्षकको कार्यालयबाट उक्त रकमको व्याज तथा हर्जना समेत असुल गर्न निर्देशन भए बमोजिम सम्बन्धित निर्माण सेवालाई यथाशीघ्र रकम दाखिला गर्न पत्राचार गर्ने निर्णय गरियो।

५. बेनी नगरपालिकाको बजार क्षेत्र भित्र जडान गरिएका CCTV को सञ्चालनको अवस्थाका सम्बन्धमा तपसिलको अनुगमन समितिबाट संयुक्त अनुगमन गराई अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल:

क) श्री राजेन्द्र कुमार श्रेष्ठ, वडा अध्यक्ष, बे.न.पा.-७ - संयोजक

ख) श्री रामकृष्ण बराइली, वडा अध्यक्ष, बे.न.पा.-८ - सदस्य

ग) जिल्ला प्रहरी कार्यालय, म्याग्दीको प्रतिनिधि - सदस्य

घ) म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दीको प्रतिनिधि - सदस्य

ङ) श्री खिम बहादुर क्षेत्री, सूचना प्रविधि अधिकृत, बे.न.पा. - सदस्य सचिव

६. बेनी नगरपालिकाको वडा नं. ३ मा रहेको यस नगरपालिका अन्तर्गतको भकिम्ली स्वास्थ्य चौकी, भकिम्लीको नाममा रहेको जग्गामा कुल लागत अनुमानको ६० प्रतिशत वान हार्ट नामक संस्थाबाट तथा ४० प्रतिशत बेनी नगरपालिकाको तर्फबाट साझेदारीमा बर्थिङ सेन्टर निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।

७. बेनी नगरपालिका अन्तर्गतका विभिन्न वडाबाट प्राप्त ग्याबिन जाली तथा पाइप माग सम्बन्धी निवेदनहरुका विषयमा आवश्यक छलफल तथा विश्लेषण गर्न तपसिल बमोजिमको समिति गठन गर्ने र सो समितिले सिफारिश गरे बमोजिमको परिमाणमा ग्याबिन जाली तथा पाइप खरिद गरी वितरण गर्ने निर्णय गरियो।

तपशिल:

क) श्री हरिकुमार श्रेष्ठ, नगर प्रमुख, - संयोजक

ख) श्री सञ्जु बरुवाल, नगर उपप्रमुख - सदस्य

ग) श्री कृष्ण बहादुर बानियाँ, वडाध्यक्ष, बे.न.पा.-६ - सदस्य

घ) श्री कृष्ण कुमार विश्वकर्मा, कार्यपालिका सदस्य, बे.न.पा. - सदस्य

ङ) श्री युवराज थापा, अधिकृत सातौं - सदस्य सचिव

८. बेनी नगरपालिका, वडा नं. ४, सिँगा तथा तातोपानी बजारमा फोहोरमैला व्यवस्थापनका लागि सम्बन्धित वडाबाट फोहर डम्पिङ गर्ने उपयुक्त स्थानको पहिचान सहित सिफारिश भई आएमा उक्त क्षेत्रको फोहोर संकलन तथा व्यवस्थापनका लागि आवश्यक कार्य अघि बढाउने निर्णय गरियो।

९. मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ तथा जिल्ला प्रशासन कार्यालय म्याग्दीको च.नं. ४४१६, मिति २०७०।०२।१९ गतेको पत्र बमोजिम बेनी नगरपालिका अन्तर्गतका ४८ लाभग्राहीहरुमध्ये पहिलो चरणका ९ लाभाग्राहीहरु, दोश्रो चरणका १३ लाभग्राहीहरु तथा तेश्रो चरणका १५ लाभग्राहीहरु गरी जम्मा ३७ लाभग्राहीको लागि यस नगरपालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम बुझाइएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो।

१०. बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ मा स्वास्थ्य औषधीहरु खरिदका लागि बिनियोजन गरिएको रकमबाट रु पाँच लाखको औषधी खरिद गर्ने निर्णय गरियो।

११. बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को प्रथम चौमासिकको सार्वजानिक सुनुवाई मिति २०७८ साल मंसिर महिना भित्र बेनी नगरपालिका, वडा नं. ३, भकिम्लीमा गर्ने निर्णय गरियो।

१२. बेनी नगरपालिका, वडा नं. ६ अवस्थित जामुनाखर्क मा. वि.को नमूना विद्यालय निर्माणका लागि तयार गरिएको गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो।

१३. बेनी नगरपालिकाका नाममा रहेको बेनी नगरपालिका वडा नं ७ स्थित कित्ता नं १४१९ को जग्गा नगर कार्यपालिकाको मिति २०७६।८।१७ गतेको निर्णयानुसार नेपाल पत्रकार महासँघ म्याग्दी शाखालाई वार्षिक १०००० (दश हजार रुपैया) शुल्क लिने गरी लिजमा दिने निर्णय भएकोमा हाल उक्त जग्गा अन्य व्यक्तिले उपभोग गरिरहेको जानकारी प्राप्त हुन आएकोले उक्त जग्गा खाली गराईदिन सम्बन्धित व्यक्तिलाई पत्राचार गर्ने निर्णय गरियो।

१४. बेनी दरबाङ सडक अन्तर्गत बेनी सामुदायिक विद्यालय तथा नगरपालिकाको कार्यालय माथीको भागमा जग्गा भासिन गई वर्षायाममा पहिरो जांने उच्च जोखिम रहेकोले उक्त पहिरो व्यवस्थापनका लागि प्राविधिक अध्ययन गराई प्राप्त प्रतिवेदन समेतका आधारमा पहिरो रोकथाम गर्ने आवश्यक व्यवस्थाका लागि नगरपालिकालाई कार्यदिश दिने निर्णय गरियो।

१५. बेनी नगर कार्यपालिकाको सेवा प्रवाहलाई पारदर्शी तथा प्रभावकारी बनाउन स्थानीय सञ्चित कोषबाट खर्च गर्ने गरी नगरपालिकाको कार्यालयमा सिसिटिभि जडान गर्ने निर्णय गरियो।

१६. बेनी नगर कार्यपालिकाको कार्यालयको परिसरमा चमेना गृह सञ्चालन गर्नका लागि स्थानीय सञ्चित कोषबाट खर्च गर्ने गरी नगरपालिकाद्वारा आवश्यक भवन निर्माण गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

१७. बेनी नगरपालिकामा योजनाहरुलाई व्यवस्थित रुपमा अभिलेखिकरण गर्न तथा योजना निर्माण तथा कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि योजना सफ्टवेयर जडान गर्ने गरियो।

१८. बेनी नगरपालिकामा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि नगरपालिकाको क्षमता विकास योजना निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

१९. सामुदायिक प्रहरी सेवा केन्द्र, बेनीलाई सञ्चित कोषबाट व्यय भार हुने गरी रु ५०००० (अक्षेरुपी पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

२०. स्थानीय सरकारबाट विभिन्न अर्ध न्यायिक प्रकृतिका कार्यहरु समेत गर्नुपर्ने तथ्यलाई मध्यनजर गरी बेनी नगरपालिकामा पर्न आउने विभिन्न उजुरी तथा मुद्दाहरुमा आवश्यकता अनुसार मेलमिलाप गर्ने प्रयोजनका लागि जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्नका लागि आव २०७८।०७९ को विनियोजित रकमबाट खर्च गर्ने गरी पौष महिनाको पहिलो साता मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो।

२१. दुधेखोला भकिम्ली सडकका यस आ.व.मा बिनियोजन भएको रु पन्ध्र लाख बिनियोजन भएकोमा विशेष परिस्थितिलाई मध्यनजर गरी उक्त योजना उपभोक्ता समितिद्वारा सम्पन्न गराउने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो।

२२. बेनी नगरपालिका, वडा नं. ७ मा अवस्थित धार्मिक स्थल महारानीथान वरीपरी पुजा व्यवस्थापन तथा रङ्गरोगन गर्नका लागि आर्थिक सहयोग माग भएकोले सञ्चित कोषबाट व्यय भार हुने गरी रु १००००० (अक्षेरुपी एक लाख रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

२३. बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को योजना तथा बजेटमा दलित भवन निर्माणका लागि रु पच्चिस लाख रुपैयाँ बिनियोजन गरिएकोमा उक्त रकमबाट बेनी नगरपालिका वडा न ७ स्थित मंगलघाटको उपयुक्त हुने कुनै जग्गामा दलित भवन निर्माणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

२४. नगरपालिका र सो अन्तर्गतका विभिन्न समितिको कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउने प्रयोजनका लागि आवश्यक देहाय बमोजिमका कानून निर्माण गरी पारित गराउने निर्णय गरियो ।

(१) बेनी नगरपालिकाको कर्मचारी सेवा सम्बन्धी ऐन
(२) बेनी नगरपालिकाको लेखा समितिको कार्यविधि
(३) बेनी नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि
(४) स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि
(५) बेनी नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि
(६) बेनी नगरपालिकाको सञ्चित कोषको आलेप सम्बन्धी कार्यविधि
(७) बेनी नगरपालिकाको व्यवसाय कर निर्देशिका
(८) बेनी नगरपालिकाको खरिद नियमावली
(९) बेनी नगरपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि